रोल्पाका ग्रामीण सडक

# वर्षामा हिलाम्य र हिउँदमा धुलाम्य



भरत विश्वकर्मा

रोल्पा- रोल्पाका ग्रामीण भेगका अधिकांश सडक कच्ची, साँघुरो र ग्राभेलिङ नगरिएको भएकाले यात्रुले सधै जोखिम मोलेरै यात्रा गर्नुपरेको छ। रोल्पामा शान्ति प्रक्रियापछि गाउँगाउँमा कच्ची सडक खनिएका छन्, तर ती सबै सडक अव्यवस्थित छन्।

गाउँ जाने अधिकांश बाटो अव्यवस्थित हुँदा यात्रुले ज्यान हत्केलामा राखेर यात्रा गर्न बाध्य छन् भने यातायात व्यवसायीले पनि जोखिम मोलेरै यातायात साधन सञ्चालन गर्न बाध्य छन् । बेलाबेलामा सवारीसाधन बिग्रिरहने गरेको यातायात व्यवसायीको गुनासो छ। ग्रामीण सडकहरू ग्राभेल गर्नुको त कुरै छैन, मर्मत र खाल्डो पुर्ने कामसमेत समयमै नहुँदा यात्रामा कठिनाइ हुने गरेको छ। जिल्लाका प्रायः ग्रामीण सडक वर्षामा हिलाम्य र हिउँदमा धुलाम्य हुने गर्दछन्।

जिल्लाको १० वटै पालिकाका गाउँ जोडिएका सडक अत्यन्तै अव्यवस्थित छन्। जिल्ला सदरमुकाम लिबाङ रहेको रोल्पा नगरपालिका, सुनिलस्मृति, लुंग्री, त्रिवेणी र रुन्टीगढी गाउँपालिकाका सीमित सडक कालोपत्रे छन् । सुनछहरी, गंगादेव, थबाङ, माडी र परिवर्तन गाउँपालिकाका गाउँका सडक पूर्णतः कच्ची छन्।

दाङको घोराहीदेखि रोल्पाको होलेरी-घर्तीगाउँ-थबाङ हुँदै पूर्वी रुकुमसम्म जोडिएको सहिदमार्गको थोरै खण्डमात्र कालोपत्रे छ। सहिद मार्गको अधिकांश भाग कच्ची नै छन् । सहिद मार्गअन्तर्गत घोराही-होलेरी खण्डको सडकमा कालोपत्रे भए पनि अहिले कालोपत्रे उप्किएको छ । कमसल कालोपत्रे र सिमेन्ट उद्योगका टिप्परले सडकको भारवहन क्षमताभन्दा बढी चुनढुंगा ओसार्न थालेपछि सडकमा कालोपत्रे उप्किएको स्थानीय बताउँछन्।

कच्ची सडकमा यातायात सञ्चालनमा धेरै समस्या खेप्नुपरेको यातायात व्यवसायी सुनिल रोकाले बताए । 'आजकाल सडक धुलाम्य बनेको छ, बर्खामा सडक हिलाम्य हुन्छ, गाडी हिलोमा फस्छन् सधै सास्ती नै सास्ती छ,' सुनिल भन्छन्, 'ठाडो र साँघुरो सडकमा लोड गाडी पार गर्न अत्यन्तै गाह्रो हुने गर्दछ। ज्यानै जोखिममा राखेर गाडी चलाउनु परेको छ।'

सडक निर्माण थालिएको लामो समयसम्म पनि सडक कालोपत्रे गर्ने काम र पुनर्निर्माणको काम कछुवा गतिमा छ। जसले गर्दा सहिद मार्गको यात्रा पनि जोखिममुक्त छैन । सहिद मार्गमा बेलाबेलामा सवारीसाधन दुर्घटना हुने गरिरहेको छ । सहिद मार्गसँगै जोडिएका भित्रि सडकको हालत त झन भनी साध्य छैन।


सडकका कतिपय ठाउँमा यात्रुलाई गाडीबाट झारेर गाडी पार गर्नुपर्ने समस्या हुने गरेको गाडी चालक देवराज पुन मगर बताउँछन्। उनी भन्छन्, 'गाडी चलाउन जोखिम छ, तर काम गर्नै पर्ने बाध्यता छ।'

ग्रामीण भेगका सडक साँघुरो भएकाले सवारीसाधन वारपार गर्नसमेत समस्या हुने गरेको यातायात व्यवसायी बताउँछन् । धुलाम्य सडकले यात्रुमात्र होइन पैदलयात्रुले समेत सास्ती खेप्नुपरेको सुनछहरी गाउँपालिका-२ का स्थानीय श्याम रोका मगर बताउँछन् । 'सडक पिच नहुँदा जोखिम मोलेरै यात्रा गर्न परेको छ। कतैकतै सडक अत्यन्तै साघुँरा छन् ती ठाउँमा गाडीमा चढ्नै डर लाग्ने गर्दछ,' रोका मगरले भने, ' कम्तीमा पनि ग्राभेलसम्म मात्र भए पनि यात्रामा केही सहज हुने थियो।'

जिल्लाका अधिकांश गाउँमा सडक पुगे पनि कतिपय सडकमा हिउँदमा मात्र सवारीसाधन आवागमन हुन्छन् । बर्खायाममा सडक भत्किने, पहिरो जाने, सडकमा पानी जम्मा भएर गाडी फस्ने समस्या हुनाले वर्षायाममा सवारी आवागमन कठिन हुने गर्दछ। अझ ग्रामीण भेगमा चल्ने सवारी साधनले क्षमताभन्दा बढी यात्रु बोक्ने गर्नाले समेत दुर्घटना थप बढाएको छ।

# साढे ६ करोड लागतमा गोरक्ष सिद्धरत्ननाथ मठ पुनर्निर्माण

अमरराज आचार्य



दाङ- दाङको प्रसिद्ध धार्मिकस्थल गोरक्ष पात्रदेवता सिद्धरत्ननाथ मठ पुनर्निर्माण गरिएको छ । घोराही उपमहानगरपालिका-१७ चौघेरामा मन्दिरलाई पुरानै शैलीमा करिब पाँच वर्षपछि पुनर्निर्माण गरिएको हो।

मठ पुनर्निर्माण भएसँगै मूल मठमा देवता र मूर्तिलाई सारेर सञ्चालनमा ल्याइएको छ। स्थायी रूपमा सञ्चालन गरिएको ठाउँबाट मूल मठमा गोरखनाथ, मच्छिन्द्रनाथ, रत्ननाथ, आदीनाथ, कालभैरव, बुटक भैरव, बाला सन्दरी, शिवालय लगायतका मूर्ति सारिएको मठका व्यवस्थापक हिरानाथ योगीले बताए । पुरानै शैलीमा निर्माण गरिएको मठ भव्य र आकर्षक देखिने गरेको बताए। व्यवस्थापक योगीका अनुसार १३ सय वर्ष पुरानो धार्मिक आस्था बोकेको चौघेरामा मठ पुरानोसँगै जीर्ण बनेपछि २०७५ सालमा नयाँ मठ निर्माणको काम सुरु भएको थियो।

नेपाल सरकार संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय पुरातत्व विभागको सहयोगमा दुई वर्षभित्र मठ निर्माणको काम सक्ने गरी सुरु भए पनि निर्माणका क्रममा फैलिएको कोरोना भाइरससँगै निर्माण सामग्री काठमाडौं र भक्तपुर लगायतका ठाउँबाट ल्याएर काम गर्दा ढिलाइ भएको उनी बताउँछन् । निर्माणको काम सकिएपछि मूल मठमै दैनिक पूजापाठको काम सुरु भएको उनले बताए।

व्यवस्थापक योगीले भने, 'सम्झौताअनुसार मठ निर्माणको काम सकेर हस्तान्तरण भएपछि वैदिक परम्पराअनुसार मूर्तिको प्राणप्रतिष्ठा, कोठा पूजा र हवन गरेर मठलाई सञ्चालनमा ल्याएका हौं ।' उनका अनुसार मठ ढुंगा, चुना, सुर्की र काठको प्रयोग गरेर निर्माण गरिएको छ । मठमा इँट्टा, बालुक र माटो प्रयोग गरिएको छैन । प्यागोडा शैलीमा निर्माण गरिएको मठ आकर्षकसँगै खुला र फराकिलो भएको छ।

नवनिर्मित मठमा दैनिक पूजास्थलसँगै मठाधीस, महन्त, सिरने, भण्डारीलगायत बस्ने आवास गृहसँगै भजन कृतन गर्ने ठाउँ, अतिथिलाई राख्ने कोठा निर्माण गरिएको छ। करिब ६ करोड ६५ लाख बढी रुपैयाँ खर्च गरेर मठको पुनर्निर्माणको काम प्रकृति-सानु, सुवाल-पवन जेभी काठमाडौंले गरेको थियो।

भेष बाह्रपन्थी नाथ संस्कृतिको केन्द्रका रूपमा गोरक्ष पात्रदेवता सिद्धरत्ननाथ रहेको छ । मठभेष पन्थी बाह्रनाथ समुदायको महत्वपूर्ण धार्मिक केन्द्रका रूपमा रहेको छ। मठलाई आकर्षक बनाउनका लागि झ्याल, ढोका र टुडालहरूमा विभिन्न देवीदेवताका मूर्तिहरू कुँदिएको उनको भनाइ छ।

व्यवस्थापक योगीले भने, 'पहिलेको तुलनामा अहिलेको नयाँ मठ आकर्षण र कलात्मक बनेको छ । मठ यस क्षेत्रको थप आकर्षक बन्ने छ ।' चौघेरामा मूल मठसँगै भैरवनाथ मन्दिर, दलिचा, कालसेन मन्दिर, गोरक्षनाथ नवनाथ मन्दिर, ऐतिहासिक रत्नेश्वर महादेव मन्दिर, ऐतिहासिक कुवासँगै गोरक्षरत्ननाथ पुस्तकला र प्रभात चित्रकला रहेको छ।

# लाइन काटिएपछि ग्यास प्लान्ट अलपत्र

कैलाली (रासस)- कैलालीको टीकापुर नगरपालिकामा पाइप लाइनमार्फत घरघरमा पुगेको बायो ग्यास प्लान्टको विद्युत लाइन काटिँदा ग्यास प्लान्ट अलपत्र भएको छ।

नगरपालिका-५ स्थित सामुदायिक पशु चौपाया व्यवस्थापन गरिएको क्षेत्रमा निर्माण भएको बायो ग्यास प्लान्टको विद्युत महसुल नतिर्दा विद्युत लाइन काटिएको थियो । विद्युत लाइन काटिएपछि ग्यास वितरणको काम पनि ठप्प भएको छ। आसपासका ५५ घरमा पुऱ्याइएको ग्यास बन्द भएपछि करोडौंको संरचना अलपत्र परेको छ। गोबरबाट ग्यास उत्पादन गरेर दैनिक चार घण्टा स्थानीयलाई ग्यास उपलब्ध गराउँदै आइएको थियो।

गौशालामा पर्याप्त गोबर भए पनि ग्यास प्लान्ट बन्द भएको गौशाला सञ्चालन गर्दै आएको सामुदायिक पशुचौपाया व्यवस्थापन तथा प्रवर्द्धन समितिका अध्यक्ष लोकबहादुर बुढाक्षेत्री बताउँछन्। उनका अनुसार नगरपालिकाले विद्युतको महसुल नतिरेका कारण ग्यास प्लान्ट बन्द भएको छ। 'दैनिक चार घण्टा ग्यास प्लान्ट सञ्चालन हुन्थ्यो । अहिले बिजुलीको लाइन काटेपछि बन्द भएको छ,' उनले भने, 'हामीले बिजुलीको लाइन काटेको भनेर नगरपालिकालाई दुईपटक खबर गरिसकेका छौं । त्यसको सुनुवाइ भएको छैन।'

उनका अनुसार नगरपालिकालाई ग्यास प्लान्ट समितिको मातहतमा सञ्चालनका लागि आग्रह गरेको भए पनि त्यसको सुनुवाइ भएको छैन । 'विद्युतको लाइन काटेपछि पनि नगरपालिकालाई दुईपटकसम्म खबर गरेका छौं । पत्र पठाएका छौं । सुनुवाइ हुन सकेको छैन,' उनी भन्छन्, 'प्लान्ट सञ्चालन गर्न सक्यो भने त्यो राम्रो आम्दानीको स्रोत बन्न सक्छ। त्यो हुन सकेको छैन। करोडभन्दा बढी लगानी ध्वस्त हुने स्थितिमा पुगेको छ।'

विद्युत प्राधिकरण टीकापुर वितरण केन्द्रका अनुसार विद्युत लाइन गत पुस २२ गते काटिएको थियो । तिर्नुपर्ने १४ हजार ६४६ नतिरेपछि लाइन काटिएको वितरण केन्द्रका अधिकृत रामप्रसाद अधिकारीले जानकारी दिए। उनका अनुसार अहिले उक्त रकम जरिवाना थपिँदै २५ हजार १७२ पुगेको छ। 'लामो समयदेखि विद्युत महसुल नतिरेका कारण लाइन काटिएको हो,' उनले भने, 'बक्यौता तिरेपछि लाइन पुनः हामी जोडिदिन्छौं।'

घरमा दैनिक पाइप लाइनबाट ग्यास आउन थालेपछि उत्साहित बनेका स्थानीय अहिले निराश भएका छन्। निरन्तरता हुने कुरामा सुरूदेखि शंकामा रहेका स्थानीय पुरानै स्थितिमा फर्किनुपरेको बताउँछन्। बायो ग्यासबाट खाना पकाउने बानी परेकाहरू पुनः एलपी ग्यासको सहारामा फर्किनुपरेको छ । जडान भएका उपकरणमा खिया लाग्न थालिसकेको छ । संरचना जीर्ण बन्दै गएका छन्। जडान भएदेखि ग्यास प्लान्टको मर्मतसम्भार हुन सकेको छैन।

करिब एक करोड ६० लाख लगानीमा निर्माण सम्पन्न भएको उक्त ग्यास प्लान्टबाट पशु मलमूत्र, जैविक फोहर र कृषि अवशेषमार्फत बायोग्यास उत्पादन गर्ने लक्ष्य लिइएको थियो । ग्यास प्लान्ट सञ्चालनका लागि आवश्यक प्रविधि, दक्ष जनशक्तिलगायत कुराको पनि अभाव देखिएको छ। नगरपालिकाले उपभोक्तालाई प्रतियुनिट ४५ महसुल तिर्ने गरी कार्यविधि पनि बनाएको छ। स्थानीयले उक्त दररेट महँगो भन्दै असन्तुष्टि समेत व्यक्त गर्दै आएका छन्।

स्थानीय उपभोक्ता रमेश सिंहले सरकारको बेवास्ताका कारण सञ्चालनमा आइसकेको ग्यास प्लान्ट बन्द भएको बताए । 'हामी उत्साहित थियौं, घरघरमा पाइपबाट ग्यास बाल्न पाइन्छ भनेर,' उनी भन्छन्, 'केही महिना सञ्चालन भएको ग्यास प्लान्ट एकाएक बन्द भयो । फेरि त्यहीँ एलपी ग्यासको सहायता लिनुपर्ने स्थिति आयो ।' दिनमा चार घण्टा उपलब्ध गराउँदै आएको ग्यास २४सै घण्टा हुने आशामा बसेका उपभोक्ता एकाएक ग्यास बन्द भएपछि निराश बनेको उनको भनाइ छ।

नगरपालिकाको वन वातावरण तथा फोहर व्यवस्थापन उपशाखाका प्रमुख लोकबहादुर बुढाले उपभोक्ताले तोकेको मूल्य बढी भयो भन्दै विरोध गरेपछि प्लान्ट बन्द भएको बताए।

# तरङ्गखोला पुल निर्माण सुरु

नवलपरासी (रासस)- कालिगण्डकी करिडोरअन्तर्गत नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरमा लामो समय अधुरै अवस्थामा रहेको तरङ्गखोला पुल निर्माण कार्य थालिएको छ।

कालिगण्डकी करिडोरअन्तर्गत नवलपुरको गैंडाकोट नगरपालिका-३ र बुलिङटार गाउँपालिका-१ जोड्ने तरङ्गखोलामा निर्माणाधीन उक्त पुल २०७५ सालमा ठेक्का लगाएर काम सुरु गरिएको थियो। विसं २०७६ माघ मसान्तसम्ममा काम सम्पन्न गर्नेगरी लोहनी एण्ड ब्रोदर्श प्रालिले निर्माणको जिम्मा पाएको थियो। सो समयमा काम सम्पन्न नभएपछि २०८१ चैत मसान्तसम्मका लागि म्याद थप गरिएको थियो । म्याद सकिने समयमा समेत पुल काम बाँकी रहेकामा अहिले उक्त काम सम्पन्न गर्ने सुरसारमा निर्माण कम्पनी लागेको छ।

बुलिङटारका खड्कबहादुर कुमालका अनुसार पुल निर्माणमा ठेकेदारले विभिन्न बहना बनाउँदै अलपत्र पार्दा स्थानीयले सास्ती खेप्दै आएका छन्। पुल निर्माण नहुँदा पानी पर्ने बित्तिकै यस खोलामा यातायात पूर्ण रूपमा अवरुद्ध हुने गरेको छ। पुल निर्माण नहुँदा बाटो बने पनि पानी पर्नेबित्तिकै रोकिनुपर्ने अवस्था छ।

पुल निर्माण भए आफूहरूलाई बर्खामा समेत यात्रा गर्न सहज हुने कुमालले बताए । पुलसहित करिडोरका विभिन्न स्थानमा पहिरोको जोखिम रहेकाले ती स्थानमा पहिरो नियन्त्रणका लागि काम गर्नुपर्ने उनको भनाइ छ।

कालिगण्डकी करिडोरअन्तर्गत गैंडाकोट-राम्दी खण्डमा पर्ने ३० वटा पुलमध्ये तरङ्गखोलाको पुल मात्र निर्माणको काम बाँकी रहेको गैंडाकोट-राम्दी-मालढुङ्गा सडक योजनाका सबइन्जिनियर दिवस सिलवालले बताए । पुल निर्माणको काम रोकिएकामा योजनाको ताकेताले ठेकेदार काममा फर्किएको र अब चाँडै पुल सञ्चालन गर्नेगरी आफूहरूले समन्वय गरिरहेको उनले बताए।

'यस खण्डमा पर्ने अन्य सबैजसो पुल निर्माणको काम सकिएको छ, तरङ्गखोलाको पुल पनि अब चाँडै सक्ने गरी हामीले ताकेता गरिरहेका छौं, यसपालिको बर्खामा यातायात सञ्चालनमा समस्या नहोला,' उनले भने।

गण्डकी प्रदेश सरकारको गौरवको योजनाका रूपमा रहेको कालिगण्डकी करिडोरमा पर्ने तरङ्गखोलामा २५ मिटर लम्बाइ र ११ मिटर चौडाइको चार करोड ३५ लाखमा ठेक्का लागेको थियो। कालिगण्डकी करिडोर गैंडाकोट-राम्दी-मालढुङ्गा सडक योजनाका सबइन्जिनियर सिलवालका अनुसार करिडोरका गर्नुपर्ने बाँकी काम अब सडक डिभिजन कार्यालयमार्फत हुनेछ । योजनाको अवधि सकिएकाले बाँकी काम सडक डिभिजन कार्यालयलाई हस्तान्तरणपछि उक्त कार्यालयबाटै हुने उनले बताए।

# नमुना भेटेरिनरी अस्पताल निर्माण सुस्त

तनहुँ (रासस)- तनहुँको व्यास नगरपालिका-३ दमौलीमा निर्माणाधीन नमुना भेटेरिनरी अस्पताल भवन निर्माण कार्य सुस्त गतिमा भइरहेको छ। भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सेवा पुशपन्छीपालक किसानलाई सहज रूपमा सेवा प्रवाह गर्न सुविधासम्पन्न भवन निर्माण गर्न लागेको हो। केन्द्रका सूचना अधिकारी पशु विकास अधिकृत डा. रामनरेश यादवले एक वर्षअघि नै निर्माण सम्पन्न हुनुपर्ने उक्त भवन हालसम्म पनि अधुरै रहेको बताए।

पशुपन्छीको उपचारमा गुणस्तरीय सेवा प्रवाह गर्ने उद्देश्यले गत पुसमा सम्पन्न गर्नेगरी भएको निर्माण सम्झौता पूरा नभएपछि भदौसम्मको म्याद थप भएको थियो । निर्माण कम्पनीले ढिलासुस्ती गरेकाले सम्झौताअनुरुप काम सम्पन्न हुन नसकेको सूचना अधिकारी यादवले बताए । काम सुरु नगरे ठेक्का तोड्ने चेतावनी दिएपछि केही निर्माणका कार्य भइरहेको उनले बताए । उनले भने, 'हालको ठेकेदारले काम नगरे ठेक्का तोडेर भए पनि अस्पताल भवनको भौतिक संरचना निर्माण गर्ने लक्ष्य लिएका थियौं, ढलानको काम भएको छ, अब अन्य संरचनाको काम बाँकी छ।'

गण्डकी प्रदेश सरकारको मूल्य चार करोड ९० लाख लागतमा अस्पताल भवन निर्माण सम्पन्न गर्नेगरी सम्झौता भएको थियो।

## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१ साल चैत महिना १८ गते सोमबार)

यस विकास बैंकको शाखा कार्यालय मनहरीबाट तपशिलमा उल्लेखित ऋणीले व्यक्तिगत आवधिक कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

| ऋणीको विवरण |
|---|
| सुभद्र सिं दोङको नाति जयेन्द्र बहादुर दोङको छोरा मकवानपुर जिल्ला पदमपोखरी गा.वि.स. वडा नं. ५ हाल, हेटौडा उ.म.न.पा. वडा नं. १२ बस्ने **उमेश दोङ लामा** (ना.प्र.नं. : ३१३०२१/६२ जारी मिति र जिल्ला : २०६३/११/१६, मकवानपुर) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) सुभद्र सिं दोङको बुहारी जयेन्द्र बहादुर दोङको पत्नी मकवानपुर जिल्ला पदमपोखरी गा.वि.स. वडा नं. ५ हाल, हेटौडा उ.म.न.पा. वडा नं. १२ बस्ने **साइली माया दोङ** (ना.प्र.नं. : २३८३/५७२ जारी मिति र जिल्ला : २०४४/११/१०, मकवानपुर) |
| २) सुर्य बहादुर लोको छोरी जयेन्द्र बहादुर दोङको बुहारी उमेश दोङ लामाको पत्नी मकवानपुर जिल्ला पदमपोखरी गा.वि.स. वडा नं. ५ हाल, हेटौडा उ.म.न.पा. वडा नं. १२ बस्ने **बबिता लो दोङ लामा** (ना.प्र.नं. : ३१-०१-६९-०४३९६ जारी मिति र जिल्ला : २०६९/०५/०३, मकवानपुर) |
| ३) सुभद्र सिं दोङको नातिनी जयेन्द्र बहादुर दोङको छोरी मकवानपुर जिल्ला पदमपोखरी वडा नं. ५ हाल, हेटौडा उ.म.न.पा. वडा नं. १२ बस्ने **डोल्मा दोङ** (ना.प्र.नं. : ३११०२१/५५९९६ जारी मिति र जिल्ला : २०६५/०९/२२, मकवानपुर) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

## Invitation for Bids

**Bideha Municipality**
**Office Of The Municipal Executive**
Tinkauriya, Dhanusha
Madhesh Province, Nepal

**Invitation for Bid No.: BDM/PGN/NCB/WORKS-03-2081-082**

**Date of publication: 31-03-2025**

1. Bideha Municipality, Dhanusha invites electronic bid from Nepalese eligible bidders for the construction of **Pachchhabari tole Gidha ko Jiyalal Pokhari Ma Ghat Nirman** under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information form the office of Bideha Municipality, Dhanusha, Madhesh Pradesh, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidding document is available online and can be downloaded from e-GP system http://www.bolpatra.gov.np/egp. Interested bidders should register in the e-GP system and deposit the cost of bidding document non-refundable fee **NRs 3000.00** of Rajaswa (revenue) account in the following specified bank. Information to deposit the cost of bidding document in Bank:

| | |
|---|---|
| **Name of the Bank:** | **NIC Asia Bank Ltd.** |
| **Name of Office:** | **Bideha Municipality, Dhanusha** |
| **Office Code No:** | **801021708** |
| **Office Account No:** | **D5CA052419752406** |
| **Rajaswa (revenue) Shirshak No.:** | **14529** |

4. Pre-bid meeting shall be held at Bideha Municipality,Office of the Municipal Executive Tinkauriya, Dhanusha at 20-04-2025 at 13:30 hors.
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 30-04-2025 12:00.
6. The bid will be opened in the presence of Bidders' representatives who choose to attend at 30-04-2025 13:30 at the office of Bideha Municipality, Dhanusha, Madhesh Pradesh, Nepal. Bid must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs.1,00,000.00 (One Lakh) which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
9. Other mandatory information are as per PPA and PPR.

**Chief Administrative Officer**